**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/२४ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन पत्र दर्ता गरिएको विवरणः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | विनोद कुमार मण्डल (सर्वोच्च अदालतको मुद्दा नं. ०७५-CR-१२२९, फैसला मिति २०८१।०५।२७) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी बिनोद कुमार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिमको कसूरमा बिगो रु.६,८०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादी विनोद कुमार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा सोही दफा अनुसार विगो बमोजिम रु.६,८०,०००।- जरिवाना र ऐ. दफा ३(१) को देहाय (ङ) बमोजिम १(एक) वर्ष ६(छ) महिना कैद हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति२०७५।३।२७ मा भएको फैसला मिलेको नदेखिंदा उल्टी भई यी प्रतिवादी विनोद कुमार मण्डलले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति२०८१।०५।२७ गते सर्वोच्च अदालतबाट फैसला भएको।<br>**सर्वोच्च अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ११(२)(ख)को अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावलोकनको रोहबाट बदरभागी छ ।**<br>**(क)** झापा जिल्ला लखनपुर-२ स्थित कि .नं. ३१९ को क्षेत्रफल ०-०-३, कि.नं. २२० को क्षेत्रफल ०-२-२१/२ र कि.नं. २९६ को क्षेत्रफल ०-२-५१/२ जग्गाहरुको कित्ता एकीकृत गर्ने प्रयोजनको निमित्त मालपोत कार्यालयबाट नापी कार्यालयमा पत्र पठाएपछि पनि सर्भेक्षक बिनोद कुमार मण्डलले रु.६,८०,०००।- दिएमा मात्र काम छिटोछिटो गरिदिने भनी रिसवत माग गरेको भन्ने उजुरी ब्यहोराको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीबाट उपलब्ध गराएको रकम रु.६,८०,०००।- निवेदकले बुझिलिई गएकोमा आयोगबाट खटिएको टोलीले निज प्रतिवादीबाट सोही नोट बरामद गरेको भन्ने २०७४।०२।०१ को रंगे हात परीक्षण तथा नमूना संकलन मुचुल्का समेतका मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादी विनोद कुमार मण्डल उपर विशेष अदालत समक्ष भ्रष्टाचार मुद्दा दायर भएको प्रस्तुत मुद्दामा, प्रतिवादी बिनोद कुमार मण्डल नापी कार्यालय, दमकका तत्कालीन अवस्थामा नापी सर्भेक्षक पदमा कार्यरत निजामती कर्मचारी भएकोमा विवाद छैन। उजुरवाला निवेदक यमनाथ पाठक जग्गा व्यवसायी देखिएका छन्। एउटा जग्गा व्यवसायीसँग प्रतिवादी बिनोद कुमार मण्डलले जग्गा तथा रकम लिने दिने गरी पटकपटक वार्तालाप भएको भन्ने श्रव्यदृश्यको बेहोराबाट देखिन्छ। प्रतिवादी र उजुरवाला बीच कुनै नाता सम्बन्ध रहेका व्यक्ति देखिँदैनन्। उजुरवालाको जग्गा एकीकृत गर्ने लगायतको कामसँग प्रतिवादी बिनोद कुमार मण्डलको सरकारी कामकाज (Official Duty Perform) को सम्बन्ध रहे भएको तथ्य पुष्टि भएको छ।<br>**(ख)** प्रतिवादी विनोद कुमार मण्डल र उजुरवाला यमनाथ पाठक बीच भएको श्रव्य दृश्यको विवरण अवलोकन गर्दा, पृष्ठ ११ मा "१ लाख अस्ती आयो हैन ? १ लाख तपाइलाई दियो पारिश्रमिक २५ हजार तपाइलाई दिने मैले...अब २५ हजार हैन गर्दाखेरी अव त्यसलाई चाहिँ कसरी मिलाउन पर्यो मैले...त्यो उताको अब ५० बाँकी होला...अस्तीको परिश्रम...डेढ नै दिंँदा पनि भयो नित सरलाई ...।" पृष्ठ १४ मा "कि तपाइले मिलाइ दिनुन मेरो पैसा त्यही छ त तपाइसँग...।कति दिनुपर्ने हो मैले ? साँढे सात (७) लाख रुपैया हो, साँढे सात (७) लाखबाट डेडलाख मलाइ दिनु। ६ लाख वहालाई दिनु हाम्रो शुद्ध थपेर। जस्तो सरले यहाँको र उहाँको गरेर कति पाउनु पर्ने हुन्छ अब ?" ...पृष्ठ १५ मा "साढे सात (७) लाख साढे सात (७) लाखमा तपाइलाई डेढलाख दिनु ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नियम ३० बमोजिम आयोग स्वयंले उपलब्ध गराएको सरकारी कोषको रकम प्रतिवादीको साथबाट बरामद भएको प्रमाण बाहेक अन्य प्रमाणले प्रतिवादी उपरको कसूर पुष्टी गर्नुपर्ने भनी यसै अदातलको संवैधानिक इजलासबाट व्याख्या भएको।<br>प्रस्तुत मुद्दामा यी प्रतिवादी उपरको आरोपपत्र माग दावी बमोजिमको कसूर पुष्टी गर्ने स्वतन्त्र र विश्वसनीय प्रमाण मिसिल संलग्न रहेको नदेखिएको | लाख त्यही मिलाए भयो। अँ ...उहाँको पारिश्रमिक ३ लाख रुपैयाँ...? सरले पाउनपर्ने कति यताबाट ? हजुर साढे २५, ६० मा २५ गएपछि कति ३५ ? ३५, ५०, ८५ यताको ६ उताको ... त्यो आजको...दिनुन मलाइ पैसा...।" पृष्ठ १६ मा "अब ९ भन्दा अब १० लाख रुपैयाँ दिदा पनि अब मिल्ने अवस्था छैन, "...पृष्ठ १७ मा "हँ चन्द्र जी मैले यसो गरौन चन्द्र मैले सरलाई कति ६ लाख पछि...तपाइले मलाइ ल्याएर साढे सात लाख दिएपनि भयो।...मैले सरलाई साढे ६ लाखै ए ६ लाख ८० हजार दिएपनि त भयो नि हैन ?..." भन्ने जस्ता रकम लिने दिने बेहोरा उल्लेख भएका सम्वादका अंशहरु उक्त सि.डि.मा रहेको श्रव्यदृश्य र टेलिफोन कल डिटेलमा देखिएको भनी निज उजुरवाला र प्रतिवादी बीच रकमको सम्बन्धमा वार्तालाप भएको बेहोराबाट स्पष्ट देखिन्छ। उक्त अडियो भिडियो उजुरवाला यमनाथ पाठकले पेश गरेको हुँदा निश्चित मापदण्डमा आधारित देखिन्छ भने सो अडियो भिडियो बनावटी कृतिम संसययुक्त नभई कानून सम्मत् तरिकाबाट तयार भएको कुनै Tempering editing नभएको हुँदा उक्त Digital Evidence लाई प्रमाणमा ग्रहण गरी विशेष अदालतबाट प्रतिवादीलाई कसूरदार ठहर गरेको अवस्थामा उक्त तथ्य र अडियो भिडियोलाई अनदेखा गरी सम्मानित सर्वोच्च अदालतबाट प्रतिवादी विनोद कुमार मण्डललाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निवेदकले बुझिलिएको रकम बरामद गराएको अवस्थामा त्यस्तो रकमलाई प्रमाणमा लिन नसक्ने भनी संवैधानिक इजलासबाट निबेदक विष्णु प्रसाद घिमिरे दायर गरेको उत्प्रेषणको रिट नं.०७४-**WC**-००२० को रिट निवेदनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज गरेको भएतापनि सोही फैसलामा ***"कसूरमा संलग्न रहेको प्रतिबादीको साथबाट बरामद भएको रकमका अतिरिक्त अन्य प्रमाणबाट घुस/रिसवत लिने मनसायतत्व रहेको र सो अनुसारको कार्य भएको भन्नेय तथ्य व्यहोरा मिसिल संलग्न प्रमाणबाट देखिएको अवस्थामा कसूरदारले आरोपित कसूरबाट उन्मुक्ति पाउने अवस्था हुँदैन"*** भनी व्याख्या भएको छ।<br>(घ) उक्त रिट नं. ०७४-**WC**-००२० मा बरामद भएको रकम देखी बाहेक अन्य सम्बद्ध प्रमाणबाट कसूर प्रमाणित हुने अवस्था छ भने कुनै राष्ट्रसेवक वा सार्वजनिक पदमा रहेका पदाधिकारीले गरेको भ्रष्टाचारजन्य कसूरबाट सफाई पाउनु पर्छ भनी ब्याख्या भएको देखिँदैन। भ्रष्टाचार निवारणको लागि राज्यका निकायहरुले वैध तरिका अवलम्बन गर्नु पर्ने र राज्य स्वेच्छाचारी हुन नहुने भनी ***"भ्रष्टाचार निवारण हुन आवश्यक रहेको र राज्य व्यवस्थालाई नै जर्जर बनाउने गम्भीर अपराधिक कार्य भएकोले भ्रष्टाचार निवारणको लागि राज्यले हरसम्भव बैध (उचित) उपायहरुको प्रयोग गर्नु पर्ने"*** भनी उल्लेख गरेको पाइन्छ। उक्त नियमावलीको नियम ३० को प्रावधान नभएको अवस्थामा समेत ऐनमा उल्लेखित व्यवस्थाले मौजुदा प्रमाण रहेको खण्डमा भ्रष्टाचार गरेको ठहर हुन सक्ने अवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रहेको छ।सोही सम्बन्धमा संवैधानिक इजलासको उक्त फैसलामा "*मुद्दामा नियम ३० बमोजिम बाहेक अन्य तवरबाट संकलन गरेका प्रमाण पनि रहेका हुन्छन्।सो नियम ३० अमान्य र बदर हुँदैमा अदालतमा विचाराधिन मुद्दा स्वतः समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण कारबाहीहरु प्रारम्भदेखि नै अमान्य र बदर हुने होइनन्।न्यायिक प्रक्रियामा रहेका विवादको निरुपण गर्ने नियमित विधि र पद्धति निर्धारित छन्।नियम ३० लाई अमान्य र बदर भनी घोषित गरिएको सम्मको कारणबाट अदालतमा विचारधीन मुद्दा नै खारेज हुनुपर्छ भन्ने वा सबै काम कारबाही अमान्य र बदर हुनेछन् भन्ने सम्झन मिल्दैन।मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनका आधारमा आरोप दावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ*" भनी उल्लेख भएको अवस्थामा बरामदी मुचुल्का वाहेक पनि निवेदकको कित्ता एकीकरण लगायतका जग्गा सम्बन्धी कार्य आफूले गरेको, निवेदकबाट रु.६,८०,०००।- लिएको, श्रव्य दृश्य लगायतको वार्तालाप आफू र उजुरवाला यमनाथ पाठक बीच भएको, मिति२०७४।२।१ मा बरामद रकम निवेदकबाट लिई झोलामा राखेको भनी कसूरमा पूर्णत सावित भई बयान कागज गरेको देखिन्छ। उजुरवाला यमनाथ पाठकले आयोगको कार्यालय, इटहरीमा दिएको मिति२०७४।१।३१ को निवेदन स्वेच्छाले दिएको हो।बिनोद कुमार मण्डलले घुस रकम माग गरेको श्रव्यदृश्यको बेहोरा ठीक हो।३ कित्ता जग्गा एकीकरण गरिदिए बापत रु.६,८०,०००।- रकम बिनोद कुमार मण्डलले घुस रकम माग गरेका हुन्।उजुरीमा उल्लिखित काम सम्पन्न भइसके तापनि पटक-पटक प्रतिवादीले घुस रकम माग गरेको र आफू जग्गा व्यवसायी भएको, झापामा जग्गा सम्बन्धी अन्य कारोबारमा समेत बाधा अड्चन पुर्‍याईरहेको र भविष्यमा समेत अन्य झैझमेला दिने सम्भावना भएकोले उजुरी गरेको हुँ भनी उजुरवाला यमनाथ पाठकले मौकामा उजुरी दिनुको अतिरिक्त अनुसन्धानमा कागज समेत गरेको अवस्थामा उल्लेखित कागज प्रमाणहरुलाई प्रमाणमा ग्रहण नगरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतको रिट नं. ०७४-**WC**-००२० मा प्रतिपादित सिद्धान्त विपरित रहेको हुँदा बदरभागी छ।<br>(ङ) "*सेवाग्राही उजुरकर्ता र प्रतिवादी बीच भएको संवादको अडियो रेकर्डिङ्ग प्रमाणमा लिन मिल्ने हो वा होइन भन्ने प्रश्नका सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको कुनै पनि प्रमाणको प्रमाणग्राह्यता (admissibility of evidence) का सम्बन्धमा हाम्रो प्रमाण ऐन, २०३१ को दफा ३ ले सम्वद्धतालाई आधार मानेको पाइन्छ।प्रमाणमा लिन नहुने भनी उल्लेख नभएको र मुद्दामा ठहर गर्नु पर्ने कुरासंग सम्बद्ध छ भने तथा प्रमाण कानूनको मान्य सिद्धान्त अनुरुप प्रमाणमा ग्रहणयोग्य रहेको देखिन्छ भने ती कुराहरु प्रमाणमा लिन सकिने अवस्था देखिन्छ।यी सिद्धान्त र व्यवस्थाका आधारमा कुनै प्रमाणको प्रमाणग्राह्यताका सम्बन्धमा बिचार गर्दा तीनवटा कुराहरु सम्बद्धता (Relevance), विश्वासनियता (Reliability) र वजन (Weight) महत्वपूर्ण मानिन्छन्।सम्बद्धता मुद्दामा ठहर गर्नु पर्ने* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ***कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता पुर्याबउने आधारमा यकिन गरिने हुन्छ भने विश्वासनियता प्रमाणको स्रोतको आधारमा यकिन गरिने हुन्छ। त्यसैगरी प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने हुन्छ। यस पृष्ठभूमिमा अडियो रेकर्डिङ्गको प्रमाणग्राह्यताका सम्बन्धमा बिचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङ्गलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको पाइदैन'*** भनी सम्मानित सर्वोच्च अदालतबाट वरामदी मुचुल्का बाहेक अन्य प्रमाणले आरोपित कसूरमा प्रतिवादीको संलग्नता रहेको देखिन्छ भने कसूरदार ठहर गर्न मिल्ने भन्ने सम्बन्धमा बालमुकुन्द श्रेष्ठ विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा (०७५-CR-००५१) मा व्याख्या भई सिद्धान्त प्रतिपादन भइसकेको छ।<br>**(च)** सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७८-CR-०४९९, ०७५-CR-०६२९, ०७५-CR-००५१ र ०७५-CR-१२८९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमवाली,२०५९ को नियम ३० बाहेकका अन्य प्रमाणहरुबाट कसूर पुष्टी हुन आएको अवस्थामा उक्त कसूरलाई सजाय गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ भनी उजुरकर्ताको प्रतिवादी उपरको किटानी निवेदन, खानतलासी तथा बरामदी मुचुल्का, रंगेहात नमुना संकलन परीक्षण मुचुल्का लगायतका प्रमाणहरुलाई मूल्यांकन गरी कसूर ठहर गरेको अवस्थामा प्रस्तुत मुद्दामा समेत वादी नेपाल सरकार तर्फबाट उपस्थित शेष बहादुर श्रेष्ठ, नातिबाबु श्रेष्ठ, खगेन्द्र धमला, निलकण्ठ विश्वकर्मा, भोजराज दुलाल र रमेश कुमार वस्नेतले मौकाको बरामदी मुचुल्काको बेहोरालाई समर्थन गरी अदालत समक्ष बकपत्र गरेको अवस्थामा बरामदी बाहेक अन्य प्रमाणको आधारमा प्रतिवादीले घुस रिसवत लिएको ठह-यीई प्रतिवादी उपर कसूर कायम गरेको उपरोक्त मुद्दाको तथ्य र प्रमाणको यथार्थता यस मुद्दामा समेत समान तवरमा विद्यमान रहँदा रहँदै सो मुद्दामा प्रतिवादी उपर कसूर ठहर गर्ने र प्रस्तुत मुद्दामा प्रतिवादीलाई सफाई दिने कार्य Treat like cases alike different cases differently भन्ने कानूनशास्त्रको मूलभूत मान्यताको समेत प्रतिकुल हुने गरी सम्मानित अदालतको संयुक्त इजलासबाट फैसला भएको देखिएबाट प्रस्तुत फैसला नजिरको परिपालनाको सन्दर्भमा समेत बदरभागी छ।<br>(छ) **"प्रतिवादी र उजुरवाला बीचको श्रब्यदृष्यबाट देखिएको सम्बाद एवं प्रतिवादीको ल्यपटप राख्ने झोलाबाट रकम बरामद भएको स्थिति समेतका उल्लिखित अन्य तथ्यहरू समेतका आधारमा बिवादीत रकम प्रतिवादीले घुसवापत लिएका होइनन् भनी विश्वास गर्ने स्थिति रहेन। जाहेरवालाले वारदातको केही समय पछि प्रतिवादीलाई निर्दोष सावित गराउने प्रयास स्वरूप गरेको वकपत्रलाई पनि स्वाभाविक मान्न नमिलेकोले प्रतिवादीले आरोप दावी वमोजिमको कसूर गरेको भन्ने देखिन आयो"** भनि तथ्यको वास्तविक मूल्याङ्कन गरी विशेष अदालतले कसूर ठहर गरेको अवस्था, उजुरवाला बीच भएको श्रव्य दृश्यको विवरण अवलोकन गर्दा समेत निजहरुका बीच घुस/रिसवत रकमको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मोलमोलाई गरी व्यापक वार्तालाप भएको अडियो भिडियो रेकर्डबाट देखिएको अवस्थामा उक्त कुराहरुलाई प्रमाणलाई ग्रहण नगरी केवल प्रतिवादीलाई कसूरबाट उन्मुक्ती दिने अभिप्रायले अन्य प्रमाणको विश्लेषण सम्म नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भएको अवस्थामा अन्य प्रमाणहरु प्रमाण योग्य नरहेको भनी प्रत्यक्ष प्रमाणको गलत व्याख्या गरी भएको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (ख) बमोजिम सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल भएको प्रस्तुत फैसला बदरभागी छ।<br>अत:माथि उल्लिखित आधार प्रमाणहरु एवं सम्मानित सर्वोच्च अदालतबाट समान तथ्य र प्रमाण रहेका मुद्दामा प्रतिपादित कानूनी सिद्धान्तहरु समेतबाट निज प्रतिवादीले आरोप-पत्र मागदावी बमोजिमको कसूर गरेको पुष्टि भईरहेको अवस्थामा तत् प्रमाणहरुलाई अनदेखागरी निज प्रतिवादीलाई आरोप मागदावी बमोजिम सजाय गर्ने गरी विशेष अदालतबाट भएको फैसलालाई केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपलब्ध गराएको रकम बरामदी भएको आधारलाई मात्र अबलम्बन गरी सुरु फैसला उल्टी गरी प्रतिवादी विनोद कुमार मण्डललाई आरोपित कसूरबाट सफाई दिने सर्वोच्च अदालत संयुक्त ईजलासबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा उक्त फैसला बदर गरी निज प्रतिवादीलाई आरोपपत्र मागदावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध छ। |